नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
फोन ४२००३०९, ४२००२८१
(स्रोत परिचालन समन्वय शाखा)

पत्र संख्याः २०७९/०८०
चलानी नं.:- ६५

मितिः २०८०/०३/३१

श्री स्थानीय तहहरू (सबै) ।

विषयः स्थानीय आर्थिक विकास (LED) मूल्याङ्कन सम्बन्धमा ।

यस मन्त्रालयबाट जारी गरिएको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम सबै स्थानीय तहले आफ्नो स्थानीय आर्थिक विकासको मूल्याङ्कन पौषमसान्त भित्र गरिसक्नु पर्ने विषय अवगत नै छ । कार्यविधि अनुसार सूचकाङ्कको मूल्याङ्कन गर्न यसै मन्त्रालयको वेबसाइट (www.mofaga.gov.np) मा रहेको LED Assessment मा गई मूल्याङ्कन प्रणालीले माग गरे अनुसार आफ्नो स्थानीय तहको सूचना तथा विवरण प्रविष्ट गर्न गराउनुहुन अनुरोध छ।

आ.व. २०८०/०८१ को मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रम अर्न्तगत सञ्चालन हुने स्थानीय आर्थिक विकास कार्यक्रमका लागि स्थानीय तह छनौट गर्ने एउटा आधार स्थानीय आर्थिक विकासको मूल्याङ्कन पनि रहेकोले यथासक्य छिटो मूल्याङ्कनको कार्य सम्पन्न गर्न गराउनहुन अनुरोध छ । साथै उक्त प्रणालीको प्राविधिक जानकारी एवं प्रयोगका सन्दर्भमा कुनै समस्या सिर्जना भएमा प्रदेश सुशासन केन्द्र/प्रतिष्ठान स्थित सूचना प्रविधि तथा विद्युतीय शासन विज्ञ (led.mofaga.gov.np/support) लाई सम्पर्क राख्नहुन निर्देशानुसार अनुरोध छ।

बोधार्थ तथा कार्यार्थः

श्री जिल्ला समन्वय समिति (७७)- स्थानीय तहले प्रविष्टि गरेको विवरण र संलग्न गरिएको प्रमाण रूजु गरी मूल्याङ्कन कार्य गर्नुहुन ।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम- सिंहदरबार, काठमाडौः प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई मार्फत समन्वय गरिदिनहुन ।

श्री प्रदेश सुशासन केन्द्र/प्रतिष्ठान (७)- प्रदेश अर्न्तगतका स्थानीय तहहरूको मूल्याङ्कन कार्यमा सम्बन्धित जि.स.स. र स्थानीय तहहरूसँग समन्वय तथा सहजीकरण गरिदिनहुन ।

(राजन थापा)
शाखा अधिकृत